सशस्त्र प्रहरी बल नेपाल

www.apf.gov.np



SAMARPAN

समर्पण

ए.पी.एफ. मासिक

बर्ष २ अङ्क ११ पृष्ठ ८ भाद्र २०८१

# माननीय गृहमन्त्री रमेश लेखकको प्रमुख आतिथ्यमा सशस्त्र प्रहरी सहायक निरीक्षक आधारभूत तालिम समापन



माननीय गृहमन्त्री रमेश लेखकको प्रमुख आतिथ्यमा राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा संचालित सि.सं. १६ (क) सशस्त्र प्रहरी सहायक निरीक्षक आधारभूत तालिम भाद्र ३० गते सम्पन्न भएको छ ।

माननीय गृहमन्त्री लेखकले तालिममा सर्वप्रथम तथा कवाज प्रथम भएका सशस्त्र प्रहरी सहायक निरीक्षक मिलन तामाङ्गलाई खुकुरी प्रदान गर्नुकासाथै शारीरिक सहिष्णुता र चाँदमारीतर्फ उत्कृष्ट प्रशिक्षार्थीहरुलाई समेत पुरस्कार प्रदान गर्नुभयो । उहाँले स्थापनाकाल देखिनै अब्बल सुरक्षा निकाय एवं छोटो समयमा नै गर्विलो इतिहास बनाउन सफल पवित्र संगठनमा आवद्ध भई अधिकृत तहको कठिनपूर्ण तालिम समापन गरेकोमा प्रशिक्षार्थी अधिकृतहरुलाई हार्दिक बधाई दिनुहुँदै कार्यक्षेत्रमा सफलताको कामनासहित राज्यले सुम्पेको जिम्मेवारी उच्च व्यवसायिकतासाथ अनुशासित र इमान्दारितापूर्वक निर्वाह गर्न निर्देशन दिनुभयो ।

माननीय गृहमन्त्री लेखकले सशस्त्र प्रहरी बल नेपालले सम्पादन गर्दै आएको जिम्मेवारीलाई थप प्रभावकारी तुल्याउन सुरक्षाकर्मीको क्षमता अभिबृद्धि, साधनश्रोतको उपलब्धता महत्वपुर्ण पक्ष भएकोले संगठनलाई समयसापेक्ष आधुनिकीकरण गर्दै लैजाने कार्यमा आवश्यक पर्ने ऐन कानून परिमार्जन, जनशक्ति तथा बन्दोबस्तीलगायतका विविध पक्षहरुको व्यवस्थापनमा मन्त्रालय सदैव सकारात्मक रहेको बताउनुभयो । उहाँले सीमा सुरक्षा, आन्तरिक सुरक्षा, विपद् व्यवस्थापन, राजश्व गस्ती एवं भन्सार सुरक्षामा सशस्त्र प्रहरी बलले उच्चस्तरको कार्यसम्पादन गर्दै आइरहेको उल्लेख गर्नुहुँदै तालिम समापन पश्चात दीक्षित भई कार्यक्षेत्रमा जान लागेका अधिकृतहरुलाई राष्ट्र र जनताको सेवा तथा सुरक्षामा समर्पित भइ कार्यक्षेत्रमा परिचालित हुन निर्देशन समेत दिनुभयो।

समारोहमा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले माननीय गृहमन्त्रीबाट प्राप्त भएको निर्देशन अक्षरश पालना गरिने बताउनुहुँदै राज्य र जनताले अपेक्षा गरेअनुरुप व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर क्षणिक लोभ र प्रलोभनमा नपरी उच्च नैतिकता र व्यवसायिकताकासाथ राष्ट्र र जनताको बृहत्तर हित एवं सुरक्षालाई केन्द्रबिन्दुमा राखी कार्यक्षेत्रमा परिचालित हुन निर्देशन दिनुभयो । उहाँले देश र जनताको सेवा, सुरक्षामा कटिवद्ध भई लाग्ने अभिप्रायले संगठनमा प्रवेश गरी दीक्षित भएका अधिकृतहरुलाई तालिमका दौरानमा आर्जित सैद्धान्तिक एवं व्यवहारिक ज्ञानलाई पेशागत जीवनमा अक्षरस पालना गरी कार्यसम्पादनमा जुट्न समेत निर्देशन दिनुभयो ।

समारोहमा प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी नायव महानिरीक्षक कमल गिरीले दीक्षान्त समारोहमा प्रशिक्षार्थी अधिकृतहरुलाई सपथ ग्रहण गराउनु भएको थियो । २०८० साल भाद्र १२ गतेबाट शुरु भएको आधारभूत तालिम ११ जना महिलासहित कुल ६८ जना सशस्त्र प्रहरी सहायक निरीक्षकहरुले सफलतापूर्वक सम्पन्न गरेका छन् ।

दीक्षान्त समारोहमा गृह सचिव गोकर्णमणि दुवाडी, प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा, अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरु, चन्द्रागिरी नगरपालिकाका प्रमुख, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु लगायत विभिन्न क्षेत्रका विशिष्ट महानुभावहरुकासाथै सशस्त्र प्रहरी बल, नेपालका बरिष्ठ अधिकृतहरु एवं दीक्षित अधिकृतहरुका अभिभावकहरुको समेत उपस्थिति रहेको थियो ।

# गृहसचिव गोकर्णमणि दुवाडीबाट प्रधान कार्यालयको निरीक्षण

गृहसचिव गोकर्णमणि दुवाडीले भाद्र २७ गते प्रधान कार्यालय हल्चोक स्वयम्भुको निरीक्षण भ्रमण गर्नुभएको छ । उहाँले निरीक्षणको क्रममा सीमा सुरक्षा, विपद् उद्धार तथा व्यवस्थापन लगायत सशस्त्र प्रहरी बल, नेपालद्वारा देशको समग्र शान्ति सुरक्षा व्यवस्थापनमा भए गरेका काम कारवाही र संगठनको समस्या र चूनौतीहरुका बारेमा जानकारी लिनुभयो ।

उहाँले सशस्त्र प्रहरी बल, नेपालले स्थापना भएको छोटो अवधिमै उल्लेख्य कार्य गर्न सफल भएको र देशमा शान्ति सुरक्षा, सुव्यवस्था तथा अमनचयन कायम गर्न सदैब क्रियाशिल रुपमा कार्यसम्पादन गर्दै आइरहेको उल्लेख गर्नुहुँदै सीमा सुरक्षामा सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत शिक्षा,स्वास्थ्य, खानेपानी तथा पूर्वाधार लगायतका विविध क्षेत्रहरुमा गर्दै आईरहेका कार्य प्रशंसनीय रहेको बताउनुभयो । गृहसचिव दुवाडीले सीमा सुरक्षामा तैनाथ सशस्त्र प्रहरी बलले राजश्व चुहावट तथा सीमा अपराध नियन्त्रण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेको उल्लेख गर्नुहुँदै सदैव जनतालाई शान्ति सुरक्षाको अनुभूती दिलाउन सकेमा मात्र कार्य क्षेत्रमा परिचालित भएको सार्थकता हुने बताउनुभयो । नेपाल सरकारले अवलम्बन गरेका नीतिहरुलाई दृढताका साथ पालना गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुदै आफु परिचालित कार्यक्षेत्रमा ईमान्दारितापूर्वक जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी बलका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई निर्देशन दिनुभयो । उहाँले सशस्त्र प्रहरी बल नेपालले राज्य प्रदत्त जिम्मेवारीहरुलाई इमान्दारिता र अनुशासनकासाथ अहोरात्र परिचालित भई राष्ट्र र आम नागरिकको सेवा, सुरक्षा, विपद् व्यवस्थापन तथा उद्धार लगायतका विविध जिम्मेवारीहरुमा परिणाममुखी कार्यसम्पादन गर्दै आइरहेको बताउनुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक अर्यालले राज्यले दिएको प्रमुख जिम्मेवारी मध्ये सीमा सुरक्षामा सीमा स्तम्भको रेखदेख तथा मर्मत सम्भार, विभिन्न प्रकारका प्रभावकारी कार्यक्रमहरुका साथै लागूऔषध तथा राजश्व चुहावट नियन्त्रण कार्यमा उल्लेख्य भुमिका निर्वाह गर्दै आइरहेको र विओपीको लागि सशस्त्र प्रहरी बल, नेपाललाई जग्गा तथा भौतिक संरचनाको आवश्यकता रहेको समेत बताउनुभयो ।

उहाँले संगठन तथा सशस्त्र प्रहरी कर्मचारीहरुको हकहितको लागि आवश्यक छलफल तथा राय सुझाव संकलन गरी कार्य गर्दै आइरहेको उल्लेख गर्नुहुदै सशस्त्र



सशस्त्र प्रहरी बल नेपालमा श्रोतसाधन तथा जनशक्ति व्यवस्थापन, कर्मचारीहरुको सेवा, सुविधा र वृतिविकासमा मन्त्रालयको सदैब साथ रहने बताउनुहुदै राज्यले सुम्पिएको जिम्मेवारीलाई इमान्दारीता र जवाफदेहितासहित थप प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सकल दर्जाका राष्ट्रसेवक कर्मचारीहरुलाई निर्देशन समेत दिनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले गृहसचिव दुवाडीबाट भएको निर्देशन लगायत प्रहरीको सम्पुर्ण फौजलाई चेन अफ कमाण्डमा रही इमान्दारिताकासाथ कार्यसम्पादन गर्न निर्देशन दिनुभयो ।

निरीक्षण भ्रमणकाक्रममा गृहसचिव दुवाडीले प्रधान कार्यालयस्थित Border Resource and Research Center, केन्द्रिय परिचालन कक्ष, एपिएफ म्युजियम र सशस्त्र प्रहरी बल नेपालद्वारा हाल प्रयोगमा ल्याइरहेका विपद् उद्धार सामाग्रीहरुको अवलोकन गर्नुकासाथै सशस्त्र प्रहरी बल नेपाल सम्बन्धी विविध गतिविधिहरुको समेत प्रस्तुतीकरण मार्फत जानकारी लिनुभएको थियो ।

# सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट सहायक निरीक्षक आधारभूत तालिम समापन



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटन पोखरामा संचालित सि.सं. १६ (ख) सशस्त्र प्रहरी सहायक निरीक्षक आधारभूत तालिम भाद्र ३१ गते सम्पन्न भएको छ ।

दीक्षान्त समारोहमा उहाँले राष्ट्रको सेवा, सुरक्षार्थ दृढ संकल्पित भई आधारभूत तालिम सफलतापूर्वक सम्पन्न गरी दीक्षित भएका सशस्त्र प्रहरी सहायक निरीक्षकहरुलाई हार्दिक बधाई दिनुकासाथै आफ्ना सन्ततीहरुलाई सशस्त्र प्रहरी बल नेपालको सदस्यका रुपमा संगठनमा आवद्ध गराई राष्ट्र र जनताको सेवामा समर्पित रहन उत्प्रेरणा प्रदान गर्नुहुने अभिभावकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो ।

महानिरीक्षक अर्यालले जुनसुकै परिस्थितिमा र जिम्मेवारीमा पनि निसर्त रुपमा कार्य सम्पादन गर्नु एउटा सच्चा राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीको कर्तव्य रहेको बताउनुहुँदै जुनसुकै परिस्थितिमा पनि अविचलित भई कार्य सम्पादन गर्न र राष्ट्र तथा राष्ट्रवासीको सेवा सुरक्षामा निस्वार्थभावले उच्च मनोवलकासाथ कार्यक्षेत्रमा खटिन निर्देशन दिनुभयो । उहाँले व्यावसायिक मूल्य मान्यता तथा कानूनको सीमा भित्र रहि निर्भिकताकासाथ राष्ट्रको बृहत्तर हित र जनताको अधिकतम सन्तुष्टिलाई केन्द्रमा राखेर अगाडि बढ्नुपर्ने उल्लेख गर्नुहुँदै व्यक्तिगत स्वार्थ भन्दा माथी उठी आफ्नो पदिय जिम्मेवारीलाई उच्च नैतिकता र व्यावसायिकताकासाथ निर्वाह गर्न समेत निर्देशन दिनुभयो। महानिरीक्षक अर्यालले राज्यले संगठनलाई दिएको कार्यादेशहरुलाई BIRD (Border Security, Internal Security, Revenue Support and Disaster Management) अवधारणा अनुरुप प्राथमिकिकरण गरी कार्य विशिष्टिकरण गर्दै आईरहेको उल्लेख गर्नुहुँदै कार्यक्षेत्रमा राज्य र जनताले अपेक्षा गरे अनुरुप राष्ट्रको सर्वोपरी हितमा केन्द्रित रहेर कार्यसम्पादन गर्नुपर्ने समेत बताउनुभयो।

राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी नायव महानिरीक्षक कमल गिरीले दीक्षित हुनुभएका अधिकृतहरुले कार्यक्षेत्रमा संगठनले अपेक्षा गरे अनुरुप उत्कृष्ट तवरमा कार्य सम्पादन गर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो । २०८० साल भाद्र १२ गतेबाट संचालन भएको तालिम ६७ जना सशस्त्र प्रहरी सहायक निरीक्षकहरुले सफलतापूर्वक सम्पन्न गरेका छन् ।

## सशस्त्र प्रहरी बल, नेपालको सञ्चालन:

१. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र संघर्ष नियन्त्रण गर्न,
२. नेपालको कुनै भागमा भएको वा हुन सक्ने सशस्त्र विद्रोह वा पृथकतावादी गतिविधि नियन्त्रण गर्न,
३. नेपालको कुनै भागमा भएको वा हुन सक्ने आतंककारी गतिविधि नियन्त्रण गर्न,
४. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण गर्न,
५. नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन,
६. नेपालको कुनै नागरिक वा अरु कसैलाई अपहरण गरिएमा अपहरित व्यक्तिको उद्धार गर्न वा अन्य कुनै किसिमको जघन्य तथा गम्भिर अपराध घटेमा वा गम्भिर प्रकृतिको अशान्ति भएमा वा हुने आशंका भएमा त्यसलाई नियन्त्रण गर्न,
७. नेपालको सीमा सुरक्षा गर्न,
८. वाह्य आक्रमणको अवस्थामा नेपाली सेनाको मातहतमा रही सहयोग गर्न,
९. नेपाल सरकारले तोकेको सार्वजनिक महत्वका भवन, संरचना र अन्य स्थल आदिको सुरक्षा गर्न,
१०. नेपाल सरकारले सुरक्षा दिनु पर्ने ठहऱ्याएका व्यक्ति र तोकेको संस्था आदिको सुरक्षा गर्न,
११. यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएका वा अन्य प्रचलित कानून बमोजिम तोकिएका कार्यहरु गर्न,
१२. नेपाल सरकारले समय समयमा तोके बमोजिमका अन्य कार्यहरु गर्न ।

स्रोत सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (१) ।

१३. नेपाल सरकार मन्त्रिपरिषद्को २०६९ असोज ११ गतेको निर्णयानुसार राजश्व, भन्सार तथा औद्योगिक सुरक्षा गर्न।
१४. नेपाल सरकार मन्त्रिपरिषद्को २०७७ पौष १५ गतेको निर्णयानुसार रेलवे सुरक्षा गर्न ।

## सशस्त्र प्रहरी बल नेपाल सम्बन्धी विधेयकमा छलफल



प्रधान कार्यालय स्वयम्भू हलचोकमा भाद्र १७ गते सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी विधेयक, २०८१ को मस्यौदामा छलफल भएको छ।

माननीय गृहमन्त्री रमेश लेखकको प्रमुख आतिथ्य तथा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको उपस्थितिमा भएको छलफल कार्यक्रममा निमित्त गृहसचिव नारायणप्रसाद भट्टराईले कार्यक्रमको उद्देश्य र विषयवस्तुमाथि प्रकाश पार्नुभएको थियो।

यसैगरी गृह मन्त्रालय कानुन महाशाखाका सह-सचिव भरतमणि रिजाल र सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक युवराज अर्यालले सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ को मस्यौदा प्रस्तुतीकरण गर्नुभएको थियो। कार्यक्रममा १६ वर्षे पेन्सन अवधी, अवकाश उमेर हद, ३० वर्षे सेवा अवधीलगायतका विषयहरुमा छलफल गरिएको थियो।



**गृहसचिव एकनारायण अर्याललाई मुख्य सचिव नियुक्त हुनुभएकोमा हार्दिक बधाई दिनुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल।**



**सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल हुल तथा दंगा व्यवस्थापन तालिम शिक्षालय लामापाटन पोखरामा संचालित सि.सं. १६ (ख) सशस्त्र प्रहरी सहायक निरीक्षक आधारभूत तालिमका उत्कृष्ट प्रशिक्षार्थीलाई पुरस्कार प्रदान गर्नुहुँदै।**

## राष्ट्रिय बालदिवसको अवसरमा विविध कार्यक्रमको आयोजना



नेपाल एपीएफ स्कुल कीर्तिपुरले '६०औं राष्ट्रिय बालदिवस २०८१' विविध कार्यक्रमको आयोजना गरी मनाएको छ। सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती अनिता लामिछाने अर्यालको प्रमुख आतिथ्यमा भाद्र २९ गते आयोजित वालदिवस कार्यक्रममा सो स्कुलका विद्यार्थीहरुले विभिन्न गित संगितमा नृत्यकला र गायन प्रस्तुत गरेका थिए।

संघकी अध्यक्ष श्रीमती लामिछाने अर्यालले विभिन्न विधामा उत्कृष्ट भएका स्कुलका छात्रछात्राहरुलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुहुँदै विद्यार्थीहरुलाई खेलकुद सामाग्री समेत हस्तान्तरण गर्नुभएको थियो।

## उच्चस्तरीय व्यवस्थापन र व्यवस्थापन तथा योजना तालिम संचालन



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा भाद्र १६ गतेदेखि सि.सं. ५ उच्चस्तरीय व्यवस्थापन तालिम र सि.सं. ५ व्यवस्थापन तथा योजना तालिम संचालन भएको छ। तालिमको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमले उद्घाटन गर्नुभएको हो। अतिरिक्त महानिरीक्षक गौतमले यस्ता तालिमले कुशल नेतृत्व गर्न सहयोगी भूमिका निर्वाह गर्ने बताउनुहुँदै तालिमले थप जिम्मेवार बनाउनुको साथै व्यवस्थापकीयतर्फ पनि सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

## स्वयंसेवक उद्धारक डिजास्टर रेस्पोन्स तालिम संचालन



विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार चितवनमा भाद्र १६ गतेदेखि स्वयंसेवक उद्धारक डिजास्टर रेस्पोन्स तालिम संचालन भएको छ।

वर्तमान सरकार गठन भएको एक सय दिनको अवधिमा जिम्मेवारी र कार्यक्षेत्रभित्रका ठाउँहरुमा सम्पादन गर्नसक्ने कार्ययोजनाअन्तर्गत सशस्त्र प्रहरी बल नेपालले विभिन्न स्कुल/कलेजमा अध्ययनरत ५ सय जना विद्यार्थीहरुलाई तालिम दिई उनीहरुलाई प्रशिक्षक तथा स्वयंसेवक तयार गर्ने योजनाकासाथ तालिम संचालन गरिएको हो। विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेल र प्रगति पाठशाला कुरिनटारका प्रधानाध्यापक टंक त्रिपाठीले संयुक्त रुपमा तालिमको समुद्घाटन गर्नुभएको थियो।

## गणपति तालिम संचालन



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातीर्थमा भाद्र ९ गतेदेखि सि.सं. ६ गणपति तालिम संचालन भएको छ। तालिमको सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक चन्द्रप्रकाश गौतमले उद्घाटन गर्नुभएको हो।

## सामुदायिक प्राथमिक उद्धारकर्ता तालिम संचालन



नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक किशोर प्रधानको प्रमुख आतिथ्यमा भाद्र १७ गते बाहिनी परिसरमा नेपाल मेडिस र आक्स फाउन्डेसनको साझेदारीमा सामुदायिक प्राथमिक उद्धारकर्ता तालिमको उद्घाटन भएको छ। जु.अ. तथा अन्य दर्जा गरी ३५ जनाको सहभागिता रहेको ३ दिने सो तालिम भाद्र १९ गते समापन भएको थियो।

## प्राविधिक सिनियर तथा जुनियर अधिकृत आधारभूत तालिम संचालन



राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानमा भाद्र १७ गतेदेखि सि.सं. १ प्राविधिक सशस्त्र प्रहरी सिनियर तथा जुनियर अधिकृत आधारभूत तालिम संचालन भएको छ। प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी नायव महानिरीक्षक कमल गिरीले तालिमको उद्घाटन गर्नुहुँदै राज्यद्वारा प्रदत्त जिम्मेवारी पूरा गर्न आवश्यक विभिन्न दर्जाका आधारभूत तालिम संचालन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा दक्ष, सक्षम् र व्यावसायिक जनशक्ति उत्पादन गर्दै आइरहेको बताउनुभयो।



**भाद्र ३ गते सोलुखुम्बु जिल्लाको सोलुदूधकुण्ड नगरपालिका-१ स्थित दूधकुण्ड पोखरीमा जनैपूर्णिमा तथा रक्षा बन्धनको अवसरमा लाग्ने मेला सुरक्षित तथा व्यवस्थित बनाउन ड्युटीमा तैनाथ आश्रित गुल्म सोलुखुम्बुको सुरक्षा फौज।**

**सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालबाट कोशी र मधेश प्रदेशका सीमामा तैनाथ फौजलाई निर्देशन**

# ‘कठिन परिस्थितीमा जन्मेको फौजले सुख खोज्दैन, राष्ट्रिय झन्डा लिएर सीमामा इमान्दरीताको प्रतिक बन्नुहोस्’





**शैलेन्द्र थापा**

स्थलगत रिपोर्ट

‘राष्ट्रिय झन्डा लिएर सीमामा देशको रक्षा गर्न पठाइएको हो, अप्ठ्यारो परिस्थितीमा जन्मेको फौजले सुख खोज्दैन, त्यसैले बर्दीको इज्जत राख्नुहोस, इमान्दरीताको प्रतिक बनेर काम गर्नुहोस’- सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले भाद्र दोस्रो साता कोशी र मधेश प्रदेशका सीमा क्षेत्रमा तैनाथ फौजलाई निर्देशन दिने क्रममा भन्नुभयो- ‘सीमामा खटिएको सिपाही (राष्ट्र सेवक सुरक्षाकर्मी सबै) सीमा पिल्लर हो त्यसैले राष्ट्र र जनताको सेवामा कटिबद्ध रहनुहोस् ।’ महानिरीक्षक अर्यालले भाद्र १४ गते नं. २ गण, प्रस्तावित सीमा सुरक्षा गुल्म काकडभिट्टा, पाथिभरा जवान तालिम शिक्षालय र नं. ३८ रिजर्भ गण झापाको निरीक्षणका क्रममा मातहत कर्मचारीहरुलाई



सीमा सुरक्षा, राजश्व संकलन तथा चोरीपैठारी नियन्त्रणमा अझ प्रभावकारी ढंगले कुनै लोभ लालचमा नपरीकन कार्यगर्न निर्देशन दिनुभयो । उच्च अनुशासनमा रहदै प्राप्त जिम्मेवारी पुरागर्न निर्देशन दिनुहुँदै उहाँले संगठनले सबै कर्मचारीको बृहत्तर हितको लागि कार्य गरिरहेकोले जस्तो सुकै परिस्थितीमा पनि काम गर्न सक्छु भन्ने सामुहिक भावनाका साथ अघि बढ्नु पर्ने बताउनुभयो ।

## पाथिभरा जवान तालिम शिक्षालय झापा

निरीक्षणका क्रममा पाथिभरा जवान तालिम शिक्षालय झापाका प्रशिक्षक तथा प्रशिक्षार्थीहरुलाई निर्देशन दिनुहुदै उहाँले तालिमको दौरान कठिन परिस्थितीको सामना गर्नुपर्ने भएकोले त्यसले भोली फिल्डमा राम्रो नतिजा दिने



बताउनुभयो । त्यसैगरी शिक्षालय र नं. ३८ गणका सकल दर्जालाई निर्देशनका क्रममा उहाँले प्रशिक्षक कार्यमा खटिएका प्रशिक्षकहरुले तालिमको उत्कृष्ट नतिजा ल्याउन आफ्नो ध्यान केन्द्रीत गर्दै अन्य कर्मचारीले पनि संगठनको हितका लागि कार्य गर्न निर्देशन दिनुभयो । सो अवसरमा शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक कमलप्रसाद तिउसिनाले शिक्षालयमा गरिएको भौतिक निर्माणलगायत विविध बिषयमा महानिरीक्षक अर्याल समक्ष अवगत गराउनु भएको थियो भने शिक्षालयमा भएको भौतिक निर्माणलगायत कार्यको महानिरीक्षक अर्यालले प्रशंसा गर्नुभएको थियो ।

## समकक्षी फौजसँग भेटघाट तथा राजश्व चुहावट नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम

मोरङस्थित सीमा क्षेत्रको अनुगमनको क्रममा दशगजा इलाकामा भारतीय सशस्त्र सीमा बल (एसएसबी) का पुर्णियास्थित सेक्टर हेड क्वाटरका डिआइजी राजेश टिकु तथा ५६ बटालियन पटनाका कमाडेण्ट सुरेन्द्र विक्रमले महानिरीक्षक अर्यालसँग भेटघाट गर्नुभएको थियो । समकक्षी सुरक्षा फौजसँगको भेटघाटको क्रममा उहाँहरु वीच सीमा क्षेत्रमा संयुक्त गस्ति, खवर आदान प्रदान, अवैध क्रियाकलाप तथा लागूऔषध ओसारपसार नियन्त्रण, समन्वय र सहकार्यको निरन्तरता तथा सीमा क्षेत्रका समस्यालगायत विविध बिषयमा छलफल भएको थियो ।



सोही दिन महानिरीक्षक अर्यालले विराटनगर भन्सार कार्यालयमा आयोजित राजश्व चुहावट नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा राजश्व बृद्धि गर्ने जिम्मेवारी सरोकारवाला सबै निकायको भएको कारण समन्वय र सहकार्यमा काम गर्नुपर्नेमा जोड दिनुहुँदै राज्यको ढुकुटी बढाउनको लागि र राजश्वको लक्ष्य प्राप्तीमा अझबढि सकृयता र मेहनत जरुरी रहेको बताउनुभयो ।

सो अवसरमा मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराईले सहकार्य र समन्वयमा सीमा क्षेत्रमा काम गरिरहेको बताउनु भएको थियो भने प्रमुख भन्सार अधिकृत ज्ञानेन्द्र राज ढकालले सो भन्सार कार्यलयबाट राजश्व संकलन र लक्ष्य प्राप्तीमा भइरहेको प्रयास र सशस्त्र प्रहरी बल नेपालसँगको सहकार्य तथा अपेक्षाका बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो । सो अवसरमा सशस्त्र प्रहरी बलको तर्फबाट सबै भन्दा धेरै आर्थिक बर्ष २०७९/८० मा ४ सय ५० वटा र आ.ब. २०८०/८१ म ९ सय ३२ वटा मुद्धा दर्ता भएको जानकारी समेत गराइएको थियो । सोही दिन उँहाले मेची भन्सार कार्यालय झापाका प्रमुख राम प्रसाद रेग्मी लगायत भन्सार कर्मचारीहरुसँग राजश्व संकलन र चोरी पैठारी नियन्त्रणमा भइरहेको संयुक्त प्रयास तथा कामकारवाहीको बारे पनि जानकारी लिनुभएको थियो । त्यसअवसरमा उहाँले सीमामा तैनाथ सरोकारवाला सबै निकायको सामुहिक प्रयासले मात्र चोरीपैठारी नियन्त्रण गर्दै राजश्व संकलनमा प्रभावकारीता आउने बताउनुभयो ।

## नं. १ बराह बाहिनी मुख्यालय सुनसरी

भाद्र १५ गते नं. १ बराह बाहिनी मुख्यालय सुनसरीमा तैनाथ फौजलाई निर्देशन दिनुहुदै महानिरीक्षक अर्यालले भन्नुभयो-‘सशस्त्र प्रहरी बलको सिपाही सीमाको पिल्लर हो । त्यसैले सीमावासीसँग राम्रो सम्बन्ध राख्दै राजश्व संकलनमा जोड दिनुहोस् ।’ सीमामा तैनाथ फौजबाट हुने कुनै पनि गैर कानुनी क्रियाकलाप क्षम्य नहुने बताउनुहुँदै उहाँले भन्नुभयो गैर कानुनी काम बर्दि खोल्नको लागि पर्याप्त प्रमाण हुन्छ त्यसैले संगठनको निति निर्देशनलाई अक्षरस पालना गर्दै संगठनको नीतिअनुसार प्राप्त जिम्मेवारी पुरा गर्नुहोस् ।



## दन्तकाली विषेश कार्य तालिम शिक्षालय सप्तरीको उद्घाटन

सोही दिन महानिरीक्षक अर्यालले दन्तकाली विषेश कार्य तालिम शिक्षालय सप्तरीको उद्घाटन समेत गर्नुभयो । उद्घाटन कार्यक्रममा उहाँले असिमित आवश्यकता र सिमित श्रोत साधन विचको सामन्जस्यताबाट राज्यले संगठनलाई दिएको जिम्मेवारी पुरा गर्नेतर्फ अगाडी बढ्नु पर्ने अवस्था रहेको बताउनुहुँदै भन्नुभयो-‘सकारात्मक सोच र उच्च मनोबलका साथ अनुशासित भई आफ्नो जिम्मेवारीमा खरो उत्रन सक्नुभयो भने मात्र संगठनको साख नयाँ उचाइमा पुग्दछ ।’

कार्यक्रममा सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी मेखबहादुर मग्रातीले आफुले सशस्त्र प्रहरी बललाई राज्यले आशा र जनताले भरोसा गरेको संगठनको रुपमा लिएको बताउनुहुदै संगठन सुधारमा वर्तमान नेतृत्वले गरेको काम प्रशंसनिय रहेको बताउनुभयो । वर्तमान नेतृत्वबाट संगठन सुधारमा भएको कार्यले मातहत कर्मचारीमा उत्साह बढेको आफूले पाएको उल्लेख गर्नुहुँदै उहाँले पाँचथरको सीमा इलाकामा पुग्दाको प्रसंग सुनाउनुहुँदै उहाँले अत्यन्त कठिन भुगोल र चिसो ठाउँमा



ड्युटी गरेको फौजले त्यस वारे जिज्ञासा राख्दा वर्तमान नेतृत्वबाट गुणस्तरीय फ्रि-स्केलका सामान पाएको जसले चिसोबाट बच्न कुनै समस्या नहुने सगर्व वताएको उल्लेख गर्नुभयो । कार्यक्रममा समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक दिगविजय सुवेदीले शिक्षालयले तालिमको दौरान प्रगति गरेको बिषयमा जानकारी गराउनुभएको थियो भने प्रशिक्षार्थीहरुले कार्यादिश झल्कने डेमोस्ट्रेसन प्रदर्शन गरेका थिए ।

## बाहिनीपति तथा गणपतिहरुलाई निर्देशन

सोही दिन उहाँले कोशी र मधेश प्रदेशका बहिनीपति तथा मधेश प्रदेशका सीमामा तैनाथ गणपतिहरुलाई इमान्दार र कर्तव्यपरायण हुदै चित्तबुझ्दो काम गर्न निर्देशन दिनुभयो । उहाँले भन्नुभयो फिल्डमा कमाण्डरले लगाएको कालो दाग संगठनले वोकेर हिड्न सक्दैन त्यसैले आफ्नो कर्तव्य र जिम्मेवारी के हो बुझ्नु भएकै छ सोही अनुसार कार्य गर्नुहोस् । निरीक्षणका क्रममा महानिरीक्षक अर्यालले सकल दर्जाको पिर मर्का तथा गुनासोका बारेमा पनि चासो दिएर जानकारी लिनु भएको थियो । सो क्रममा कर्मचारीहरुले संगठनबाट संचालित विद्यालयमा थप सहुलियत, फ्रि स्केलका सामान आदिका विषयमा पनि महानिरीक्षक अर्याल समक्ष गुनासो राखेका थिए भने घरबाट टाढाको युनिटमा लामो समय खटिएका कर्मचारीलाई तत्काल पुरस्कृत गर्न समेत उहाँले सम्बन्धित युनिटलाई निर्देशन दिनुभएको थियो ।



# स्थापना दिवस

## नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही



सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा भाद्र ७ गते नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देहीको सातौं वार्षिकोत्सव विविध कार्यक्रमकासाथ सम्पन्न भएको छ ।

कार्यक्रममा महानिरीक्षक अर्यालले स्थापना दिवसको अवसरमा सञ्चालन गरिएको विभिन्न खेलकुद तथा व्यावसायिक ज्ञान प्रतियोगितामा प्रथम भएका सशस्त्र प्रहरी कर्मचारी तथा टिम, सशस्त्र प्रहरी बल नेपाललाई सहयोग गर्नुहुने विभिन्न महानुभाव तथा संघ संस्था र वर्षभरी उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा कदरपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरु, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, विभिन्न संघ संस्थाका महानुभाव तथा संचारकर्मी र वहालवाला तथा अवकाश प्राप्त सशस्त्र प्रहरी बल नेपालका कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो । सोही अवसरमा महानिरीक्षक अर्यालले नं. ५ बिन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही मातहत कार्यालयहरुको निरीक्षण भ्रमण गर्नुभई सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुलाई समय सापेक्ष आवश्यक निर्देशन समेत दिनुभएको थियो ।

## मद्दती तथा सेवा गुल्म कास्की



मद्दती तथा सेवा गुल्म कास्कीको चौथो स्थापना दिवस सशस्त्र प्रहरी नायव महानिरीक्षक कुमार न्यौपानेको प्रमुख आथित्यमा विविध कार्यक्रमकासाथ भाद्र १५ गते सम्पन्न भएको छ । नायव महानिरीक्षक न्यौपानेले स्थापना दिवसको अवसरमा सञ्चालन गरिएका विभिन्न प्रतियोगिताका विजयी टिम तथा खेलाडीहरु, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो । साथै उहाँले गुल्म परिसरमा नवनिर्मित भवनको उद्घाटनसमेत गर्नुभयो ।

## मद्दती तथा सेवा गुल्म काठमाडौं



मद्दती तथा सेवा गुल्म काठमाडौंको चौथो स्थापना दिवस भाद्र ११ गते नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक किशोर प्रधानको प्रमुख आतिथ्यमा विविध कार्यक्रमका साथ सम्पन्न भएको छ । उहाँले स्थापना दिवसको अवसरमा आयोजना गरिएका विभिन्न प्रतियोगिताका विजयी टिम तथा खेलाडीहरु, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## पर्वतीय उद्धार तालिम शिक्षालय मनाङ



पर्वतीय उद्धार तालिम शिक्षालय मनाङको छैठौं स्थापना दिवस विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारका समादेशक सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेलको प्रमुख आतिथ्यमा भाद्र ३१ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ । उहाँले स्थापना दिवसको अवसरमा आयोजना गरिएका विभिन्न प्रतियोगिताका विजयी टिम तथा खेलाडीहरु, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## नं. ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुर

नं. ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुरको सातौं स्थापना दिवस सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा भाद्र ६ गते सम्पन्न भएको छ । महानिरीक्षक राजु अर्यालले स्थापना दिवसको अवसरमा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार र अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रशंसा पत्र प्रदान गर्नुभयो । कार्यक्रममा उहाँले नयाँ संग्रहालय, अप्रेसनल तथा रिलिफमोडल हल र सहिद स्मारिका बाटिकाको उद्घाटनसमेत गर्नुभएको थियो ।



## नं. २४ बाघभैरव गुल्म काठमाडौं



नं. २४ गुल्म काठमाडौंको २१औं स्थापना दिवस भाद्र ११ गते नं. ९ पशुपतिनाथ बाहिनी मुख्यालय काठमाडौका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक किशोर प्रधानको प्रमुख आतिथ्यमा विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।

उहाँले स्थापना दिवसको अवसरमा आयोजना गरिएका विभिन्न प्रतियोगिताका विजयी टिम तथा खेलाडीहरु, उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## नं. १९ गुल्म नुवाकोट

नं. १९ गुल्म नुवाकोटको सातौं स्थापना दिवस भाद्र २६ गते नं. ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक गणेशबहादुर ठाडा मगरको प्रमुख आतिथ्यमा बिभिन्न कार्यक्रमहरुको आयोजना गरी सम्पन्न भएको छ ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित अन्य सुरक्षा निकायका पदाधिकारीहरु, सरकारी तथा गैह्रसरकारी कार्यालयका प्रमुखहरु, अमर सशस्त्र प्रहरी कर्मचारीहरुका परिवारजन, अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु, स्थानिय समाजसेवी तथा भद्रभलाद्मीलगायतका महानुभावहरुको समेत उपस्थिती रहेको थियो ।



## आश्रित गुल्म बाग्लुङ



आश्रित गुल्म बाग्लुङको पाँचौं स्थापना दिवस नं. ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कुलबहादुर नेम्वाङको प्रमुख आतिथ्यमा भाद्र २ गते सम्पन्न भएको छ । स्थापना दिवसको अवसरमा उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरिएको थियो ।

## नं. ४४ गुल्म हुम्ला



**नं. ४४ गुल्म हुम्लाको छैठौं स्थापना दिवस भाद्र २२ गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।**

## नं. ४५ गुल्म मुगु



**नं. ४५ गुल्म मुगुको छैठौं स्थापना दिवस भाद्र २० गते विविध कार्यक्रमका साथ सम्पन्न भएको छ ।**

# विपद्को सारथी सशस्त्र प्रहरी बल



सशस्त्र प्रहरी नायब उपरीक्षक
**सचिन कर्माचार्य**

कास्की पोखरा महानगरपालिका-६ का सोभित परियार फेवातालमा एक्लै बोटिङ गर्दै गर्दा एक्कासी आएको हावाहुरीले डुब्न पुगे। बाहिर निस्कने उनको असफल प्रयासमा नजिकै रहेको 'रेस्क्यू वाच टावर' का एपीएफ टोलीको साथले सफलता प्राप्त गर्‍यो। गत चैत २५ गते सो घटना भएकै दिन सोही फेवातालमा अलपत्र भैं परेका केही आन्तरिक एवं बाह्य पर्यटकको समेत एपीएफ टोलीले सकुशल उद्धार गरेको छ। यसको चार दिनपछि 'रेस्क्यू वाच टावर' बाट चारैतर्फ आँखा डुलाउँदै कर्तव्य निर्वाह गरिरहेका एक सशस्त्र प्रहरी कर्मचारीले हावाहुरीको कारण बोटबाट सोही तालमा खसेकी एक युवती डुबेको संकेत पाउना साथ उद्धार कार्यको लागि तयारी अवस्थामा ताल नजिकै रहेको एपीएफ टोलीलाई खबर गरेपछि दस मिनेट पनि नबित्दै सकुशल उद्धार गरिएको हो। यस प्रकारको उद्धार कार्यले एपीएफ टोलीको व्यावसायिक क्षमता तथा कार्यक्षेत्र प्रतिको समर्पण उजागर भएको छ।

- फिल्डमा तिमीहरुले नै आईजीपीको प्रतिनिधित्व गर्दै राज्यको तर्फबाट कानुनसम्मत ढंगले व्यावसायिक दायित्व पूरा गर्नु पर्छ भन्दै सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले बारम्बार गर्ने निर्देशन सम्बोधनलाई यी उद्धारकर्मीले साकार तुल्याए।

- सशस्त्र प्रहरी बल, नेपालका उद्धारकर्मी तथा गोताखोरले यी र यस्ता कैयन घटना-दुर्घटनामा सफल उद्धार गरेका छन्। उदयपुरको रमितेडाँडा-११ मा प्याराग्लाइडिङ गर्ने क्रममा नियन्त्रण गुमाउन पुगेकालाई 'रोप रेस्क्यू' विधिद्वारा आधा घण्टा भित्रै उद्धार गरिएको घटना होस् वा घाँस काट्ने क्रममा ईनार भित्र खसेर निस्कन अनेकौं प्रयास असफल भई हरेस खाएकी मिरा के.सी.लाई काठमाठौंमै असार १६ गते नजिकैको नं.१९ बगलामुखी विशेष कार्यदल गणले गरेको उद्धार कार्य होस्, जसले एपीएफ टोलीको व्यावसायिकता प्रदर्शन गरेको छ। सफल उद्धार कार्य वास्तवमै उद्धार कार्य मात्रै नभई पीडितको जीवन संरक्षणसँगै परिवारको सदस्य एवं राष्ट्रको एक नागरिकको रक्षक हो भन्ने कुरा पनि हेक्का राख्न जरुरी हुन्छ। आगलागीमा परेका, बाढीमा फसेका, दुर्घटनामा घाइते भएका, पहिरोमा फसेका लगायत अनेक प्रकृतिक विपद्हरुमा एपीएफ टोलीले पेशागत इमान्दारिताका साथ गरेको कार्यले आज सशस्त्र प्रहरी बल नागरिक एवं राष्ट्रको भरोसाको केन्द्र बन्न पुगेको छ।



त्यसो त सशस्त्र प्रहरी बल, नेपालले संगठन स्थापनाको प्रारम्भिक चरणदेखि नै आफूलाई उद्धार कार्यमा समर्पित गरेको इतिहास छ। द्वन्द्व नियन्त्रणलाई पहिलो प्राथमिकतामा राखेर द्वन्द्वग्रस्त क्षेत्रहरुमा परिचालित रहँदै गरेको सुरुवाती दिनहरुमा समेत संगठनले प्रकोप पीडित उद्धारमा गरेका कार्यहरु तथा राहत वितरण सँगै मित्रराष्ट्रमा भएको विपद्को अवस्थामा राहत रकम प्रदान गर्न नचुक्नुले यसतर्फ संगठनको ध्यानलाई उजागर गरेको छ।

संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्व. कृष्णमोहन श्रेष्ठले त्यसबेला भौतिक पूर्वाधारको निर्माणमा जोड दिनुका साथै उच्चस्तरीय व्यावसायिक तालिम तथा अप्रेशनल कार्य एवं फौजको मनोबल उच्च बनाउनेतर्फ जोड दिँदै गर्दा समेत उद्धार कार्य एवं राहत वितरण गर्नेतर्फ ध्यान पुऱ्याएको ताजा स्मृतिमा नै रहेको छ।

सशस्त्र प्रहरी ऐन २०५८ को परिच्छेद २, दफा (६) को उपदफा (ड) बमोजिम नेपालको कुनै भागमा भएको वा हुन सक्ने दैवी प्रकोप र महामारीबाट पीडितको उद्धारमा सहयोग पुऱ्याउन भनी उल्लेख गरिएको छ। सोही अनुसार सशस्त्र प्रहरी बल, नेपालले देशको शान्ति सुरक्षा कायम राख्नुको साथै देश भित्र हुने विपद् प्रकोपका घटना तथा महामारी आदिमा समेत सहभागिता जनाइ नागरिकको संरक्षण गर्ने दायित्व समेत वहन गरेको छ।

गृह मन्त्रालयको प्रतिवेदन अनुसार नेपाल भूकम्पीय जोखिमको दृष्टिकोणले ११ औं, बाढीपहिरोको दृष्टिकोणले ३० औं र जलवायुको दृष्टिकोणले छैठौं स्थानमा पर्दछ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) अनुसार नेपालमा पछिल्लो ४५ वर्ष (सन् १९७१ देखि २०१५) को अवधिमा ४० हजारभन्दा बढीले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन् भने ७५ हजारभन्दा बढी घाइते भएका छन्।

हालका दिनहरुमा भएका विपद्जन्य घटनाहरुमा उद्धार कार्यलाई पहिलो प्राथमिकतामा राखेर एपीएफ टोली परिचालित हुने गरेको छ। यसको ज्वलन्त उदाहरण २०७२ सालको विनाशकारी भूकम्पमा ३४५ जनाको जीवितै उद्धार गर्नुका साथै ६३७ जनाको शव निकालेको थियो। एपीएफ टोलीको परिणाममुखी कार्य सम्पादनले यसको साख चुलिएको छ। नागरिकले उद्धार कार्यमा सशस्त्र प्रहरी बलको अपरिहार्यता महसुस गरेका छन्।

### उद्धारकर्मीका संरक्षक संगठन

नेपाली नागरिकको सेवा, सुरक्षा तथा उद्धार कार्यको साथै उद्धारकहरु स्वयं पनि आफूले हासिल गरेका ज्ञान, कला तथा कौशललाई उच्च मनोबलका साथ कार्यक्षेत्रमा अहोरात्र परिचालित हुन स्वयं मानसिक एवं शारीरिक रुपमा ठिक हुनु पर्दछ। यसका लागि नेतृत्व तह जस्तो सुकै जोखिम उठाएर पनि आफ्ना सदस्यहरुको हक एवं हित परिपूर्तिका लागि सदा अग्रसर रहँदै आएको छ। विपद्को समयमा सशस्त्र प्रहरीका उद्धारकहरु आफ्नै आदेशमा परिचालित हुन सक्ने प्रावधान रहेको छ। विपद् उद्धार कार्यलाई व्यावसायिक एवं प्रभावकारी बनाउन तीन हजार पाँच सयभन्दा बढी जनशक्तिलाई विपद् उद्धार सम्बन्धी तालिम प्रदान गरिसकेको छ। सशस्त्र प्रहरी कर्मचारीहरुका लागि विपद् उद्धार सम्बन्धी विषय आधारभूत तालिम तथा उन्नत तालिमहरुमा समावेश गरी प्रशिक्षण प्रदान गर्ने गरिएको छ। सशस्त्र प्रहरी कर्मचारीका परिवारजन तथा सर्वसाधारण नागरिकहरुका लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी पूर्वतयारी कक्षाहरु सञ्चालन गर्दै आइरहेको छ।

उद्धारकर्मीहरुको नियमित स्वास्थ्य परीक्षण र परिचालित स्थानमा नै स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्नका लागि नेपाल एपीएफ अस्पताल सहित नौ वटा अस्पताल सञ्चालनमा रहेको छ। विपद् तथा अन्य अप्रेसनल कार्यमा वर्षभरिमा सर्वोत्कृष्ट कार्य सम्पादन गर्ने एक जना छनौट गरी सशस्त्र प्रहरी दिवसको अवसरमा 'वर्ष जवान' घोषणा गर्ने परम्परा रहेको छ। 'वर्ष जवान' लाई संयुक्त राष्ट्रसंघीय मिशनमा छनौट गरिने तथा निजको एक जना सन्ततिलाई १२ कक्षासम्म निःशुल्क अध्ययनको लागि छात्रवृत्ति स्वरुप वार्षिक २४ हजार रुपैयाँ प्रदान गर्ने व्यवस्था गरिँदै आएको छ।

### उद्धारकका हौसलाको स्रोत

गृहमन्त्री रमेश लेखकले सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय निरीक्षण भ्रमणको क्रममा देश र जनताको गर्विलो सुरक्षा निकायको रुपमा स्थापनाकाल देखिनै आफूलाई परिचित गराउँदै जस्तोसुकै विपद्को समयमा उद्धारक राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरुको कामकारबाहीको बारेमा मुक्तकण्ठले गरेको प्रशंसा अहिले सम्म चर्चामा रहेको छ। यसै क्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले नागरिकलाई आफू सुरक्षित छु भन्ने अनुभूति दिलाउन सशस्त्र प्रहरी कर्मचारीहरुले आफ्नो शरीरभन्दा नागरिकको जिउधन प्यारो रहेको र कुनै स्वार्थ नराखी विपद् उद्धार कार्य लगायत अन्य जिम्मेवारीमा इमान्दारिताका साथ निरन्तर कर्तव्यपथमा लागिरहेको कुरा बताउनु भयो। विभिन्न स्थानमा परिचालित सशस्त्र प्रहरी कर्मचारीहरुको समस्या तथा अप्ठ्याराहरुलाई प्रत्यक्ष महसुस गर्दै हिमाली क्षेत्रका उद्धारक तथा अन्य जिम्मेवारीमा परिचालन भएका राष्ट्रसेवकहरुका लागि 'विन्टर तथा स्नो क्लोदिङ'को वितरणले स्वयं सशस्त्र प्रहरी कर्मचारीहरुलाई न्यानोपनाको महसुस गराउनुका साथै नागरिकलाई समेत उक्त न्यानोपनाको हिस्सेदार बनाउँदै हिमाली क्षेत्रको उद्धार कार्यमा ऐतिहासिक सफलता हात पार्न सफल भएको छ।

विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाउन अधिकृतस्तरका लागि पहिलो पटक 'पोष्ट ग्र्याजुएट डिप्लोमा इन सेक्युरिटी एण्ड डिजास्टर म्यानेजमेन्ट स्टडिज' तालिमको सुरुवात गरिएको छ। विपद्को सम्भावित जोखिमको पूर्व-मूल्यांकन गरी देशका विभिन्न नौ स्थानमा विपद् व्यवस्थापन बेसको स्थापना भएको छ। संगठनले पछिल्लो दुई वर्षको अवधिमा गृह मन्त्रालय लगायत अन्य निकायहरुबाट सहयोग स्वरुप करोडौं रुपैयाँ बराबरका आधुनिक उद्धार सामाग्रीहरु प्राप्त गरि बाहिनी देखि बीओपी सम्म वैज्ञानिक ढंगले वितरण गरिएको छ।

गोताखोर तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको लागि दुई लाख रुपैयाँ बराबरको दुर्घटना बीमाको नवीकरण गरी निरन्तरता दिइएको छ। विपद् उद्धार तालिम प्राप्त जनशक्ति वृद्धि गर्ने योजना अनुरुप सप्तरी र कैलालीमा विपद् व्यवस्थापन तालिम शिक्षालय स्थापनाको लागि भौतिक पूर्वाधार निर्माण कार्यको शुरुवात भएको छ। संगठनमा मध्यमस्तरको खोज तथा उद्धार टोली गठनको लागि आवश्यक गृहकार्य भइरहेको छ।

विश्व स्वास्थ्य संगठनले प्रदान गरेको ९२ शैयाको 'सिवियर एक्युट रेस्पिरेटरी इन्फेक्सन ट्रिटमेन्ट फेसिलिटी' सञ्चालनमा ल्याएको छ। विपद्मा उद्धारको समयमा र विपद् पश्चात् उद्धारकहरुलाई मनोवैज्ञानिक अध्ययन परामर्श सेवा प्रदान गर्ने उद्देश्यले बाहिनी स्तरसम्म इकाई गठन गरिएको छ। त्यसैगरी आठ वटा 'मास क्याजुयल्टी भेहिकल' सञ्चालनमा ल्याई विभिन्न उद्धार कार्य तथा अभ्यासहरुमा प्रयोग गरिँदै आएको छ।

संगठनमा नै पहिलो पटक विपद् व्यवस्थापन तालिम शिक्षालय, कुरिनटार र मनकामना केवलकारसँगको सहकार्यमा संयुक्त उद्धार अभ्यास गरिएको छ। सो पश्चात् नं.९ बाहिनी र चन्द्रागिरी हिल्स लिमिटेडको सहकार्यमा अर्को उद्धार अभ्यास सम्पन्न भएको छ। त्यसै गरी पर्वतीय तालिम शिक्षालय, मनाङमा पहिलो पटक 'रोप रेस्क्यू' तालिम सञ्चालन गरी हिमाली भेगमा हुने विभिन्न उद्धार कार्यमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

### भरोसादार नेपाली गोताखोर

तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक सनतकुमार बस्नेतको दीर्घकालीन सोचले साकार रुप लिँदै २०६९ सालमा विपद् व्यवस्थापन तालिम शिक्षालयको स्थापना भए पश्चात् सशस्त्र प्रहरी बल, नेपालले व्यावसायिक रुपमा उद्धार कार्यमा परिचालन सुरु गरेको हो। उहाँको सक्रियतामा गोताखोर तालिमको लागि २५ जनाको टोली बंगलादेश पठाइएको थियो।

सशस्त्र प्रहरी बल, नेपालका प्रवक्ता सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेका अनुसार आफ्नो धरातलीय बनावट अनुसारको ज्ञान एवं कौशललाई अंगिकार गर्दै गोताखोर टोलीले आफूलाई अब्बल बनाउन सफल भएको छ। यसैको परिणाम स्वरुप संगठनले स्वदेशमा नै गोताखोर तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्दै आइरहेको छ। हालसम्म एक सय १० जना गोताखोर तालिम प्राप्त जनशक्ति विपद् उद्धार कार्यमा परिचालित हुँदै आएको छ। गोताखोरहरुले सप्तकोशी, कर्णाली, नारायणी, त्रिशूली, सेती नदीको खोंचदेखि गोक्यो ताल लगायतका नदी, तालतलैयाबाट करिब दुई सय ५० वटा घटनाहरुमा परिचालन भई ३० जनाभन्दा बढीको जीवितै उद्धार र करिब दुई सय ५० वटा शवहरु निकालिसकेका छन्।

### निष्कर्ष

राष्ट्र र संगठनको प्रतिनिधित्व गर्दै विपद् स्थलहरुमा क्रियाशील गोताखोरलगायतका उद्धारकर्मीले उपलब्ध श्रोतसाधनको उच्चतम प्रयोग गरी प्रशिक्षणको दौरानमा सिकेका ज्ञान, सीप र कौशलको सही सदुपयोग गर्नु पर्दछ। आफ्नो सम्पूर्ण इच्छा आकांक्षाहरुलाई थाँती राखेर कार्यक्षेत्रमा परिचालित राष्ट्रसेवकको पहिलो लक्ष्य नागरिक हिततर्फ नै उन्मुख रहनु पर्दछ। हरेक बिहानीसँगै आइपर्ने नौलो चुनौतीको सामना गर्न मानसिक एवं शारीरिक रुपमा तम्तयार सुरक्षाकर्मीहरु सधैं व्यावसायिक जिम्मेवारीलाई पेशागत इमान्दारिताका साथ पूरा गर्ने तर्फ लक्षित रहनु पर्दछ। उद्धार कार्यमा खटिएका कमाण्डर तहका अधिकृतसँगै सम्पूर्ण उद्धारकर्मीले आफ्नो सुरक्षासँगै पीडितको सुरक्षामा समेत पर्याप्त ध्यान पुऱ्याइ सांगठनिक लक्ष्य प्राप्तितर्फ सधैं सक्रिय र क्रियाशील रहनु पर्दछ। यसबाट हालका दिनहरुमा भैं सधैं नै हाम्रा उद्धारकर्मीको प्रशंसा भइरहनेछ तथा पीडित नागरिकले जीवनदान पाइरहने छ भन्दा असान्दर्भिक हुने छैन।

## आगलागी नियन्त्रण



ललितपुर जिल्लाको ललितपुर महानगरपालिका-१६ स्थित बगलामुखी मन्दिर नजिक रहेको एक स्थानीयको घरमा भएको आगलागी नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ।

सोही ठाउँको अमिरमान बज्राचार्यको घरमा भाद्र ३ गते बिहान अचानक विद्युत सर्ट भई आगलागी भएको जानकारी पाएलगत्तै नं. २१ दक्षिणकाली गण ललितपुरबाट खटिएको सुरक्षा फौजले अन्य सुरक्षा निकाय र ९ वटा पानी ट्याङ्करको सहयोगमा आगलागी नियन्त्रणमा ल्याएको हो। सुरक्षा फौजले जोखिमयुक्त सामानहरु हटाइ आकाशको पानी नपस्ने गरी त्रिपालले ढाक्ने कार्यसमेत गरेको छ।

## Rescue उपकरणहरु हस्तान्तरण



भाद्र ३१ गते नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय राष्ट्रिय सडक सुरक्षा परिषद् सिंहदरबार काठमाडौं, SRCTIP Project का पदाधिकारीहरु तथा Rotary सहितको Trainer टोलीद्वारा विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार चितवनमा आयोजित १ दिने Road Traffic Crash (RTC) अभिमुखिकरण तालिम एवं Road Traffic Crash (RTC) Rescue उपकरणहरु हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

# उद्धार/विविध

## आँबुखैरेनी-मुग्लिन सडक खण्डमा पर्यटकीय बस दुर्घटना



पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको यूपी ५३ एफटी ७६२३ भारतीय नम्बर प्लेटको पर्यटकीय बस तनहुँ जिल्लाको आँबुखैरेनी गाँउपालिका-४ स्थित आँबुखैरेनी-मुग्लिन सडक खण्डमा पर्ने ऐना पहरामा भाद्र ७ गते दुर्घटना हुँदा २१ जनाको घटनास्थलमा तथा १ जनाको पुरानो मेडिकल कलेज भरतपुर चितवन र ५ जनाको आँबुखैरेनी अस्पताल तनहुँमा उपचारको क्रममा मृत्यु भएको छ।

दुर्घटनामा परी घाइते तथा मृतकहरुको उद्धारका लागि विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेलको कमाण्डमा गोताखोरसहित र नं. २३ मनकामना गण भानु, तनहुँबाट सशस्त्र प्रहरी उपरीक्षकको कमाण्डमा फौज परिचालन भएको थियो। बसमा ४३ जना यात्रु सवार थिए। दुर्घटनामा गम्भीर घाइते भएका १६ जनालाई उपचारको लागि नेपाली सेनाको हेलिकप्टरद्वारा काठमाडौं ल्याइएको थियो।



**भाद्र ८ गते सिन्धुली जिल्ला गोलन्जोर गाउँपालिका-१ स्थित सुनकोशी नदिमा बेपत्ता जिप निकाल्दै विपद् व्यवस्थापन बेस खुर्कोटको गोताखोर टोली।**



**भाद्र ९ गते म्याग्दी जिल्लाको बेनी नगरपालिका-४ बगुवा खोला बस्ने आरतीदेवी घिमिरेको घरमा वर्षाका कारण पसेको ढुंगा माटो हटाउँदै आश्रित गुल्म म्याग्दीको सुरक्षा फौज।**



**अविरल वर्षाका कारण अरनिको राजमार्गअन्तर्गतका विभिन्न स्थानमा पहिरो गई अवरुद्ध सडक सुचारु गर्ने कार्य गर्दै नं. १६ गण सिन्धुपाल्चोकको सुरक्षा फौज।**



**भाद्र ४ गते काभ्रेपलाञ्चोक जिल्लाअन्तर्गत धुलिखेल-खावा सडकखण्डमा अवरुद्ध सडक सुचारु गर्ने क्रममा नं. १५ गण काभ्रेको सुरक्षा फौज।**

## भाद्र महिनाको बरामदी विवरण

### बाहिनी मुख्यालय, गण, गुल्म तथा सुरक्षा बेस र बिओपीहरुले बरामद गरेको चोरीनिकासी तथा पैठारीको विवरण

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १ | इलाम | २१८८७०० |
| २ | झापा | १३८५३३०३ |
| ३ | मोरङ | ५६२९२१६ |
| ४ | सुनसरी | ८०६६३८२ |
| ५ | उदयपुर | ५००० |
| ६ | सप्तरी | २६२९१४६ |
| ७ | सिराहा | ९३७६९३० |
| ८ | धनुषा | ७४६०७३१ |
| ९ | महोत्तरी | ११५२६६८४ |
| १० | सर्लाही | ११४२६१९९ |
| ११ | रौतहट | ४८४०५१५ |
| १२ | बारा | ६४८६१७० |
| १३ | पर्सा | ३५६६४३४७ |
| १४ | चितवन | ४४९७४ |
| १५ | मकवानपुर | २५३५०० |

| सि.नं. | जिल्ला | रकम रु. |
|---|---|---|
| १६ | सिन्धुली | ७७६५०० |
| १७ | सिन्धुपाल्चोक | १४८६७५ |
| १८ | नुवाकोट | २५००० |
| १९ | रसुवा | ६६८८२० |
| २० | प.नवलपरासी | ८०७९३१२ |
| २१ | रुपन्देही | १३२८२०५० |
| २२ | कपिलबस्तु | ७७५५८७९ |
| २३ | दाङ | ४४८९६० |
| २४ | बाँके | १२२७८६४६ |
| २५ | बर्दिया | ८५४२१४ |
| २६ | हुम्ला | ४३२००० |
| २७ | कैलाली | ९६७१२७३ |
| २८ | कन्चनपुर | १३६२५४०७ |
| २९ | डडेल्धुरा | १९२० |
| जम्मा | | १८७५००४५३ |

## टापुमा फसेकाको सकुशल उद्धार

दाङ जिल्लाको राप्ती गाउँपालिका-२ खुरुरियास्थित नदीको बीच टापुमा फसेका एक जनाको भाद्र २ गते नं २९ ज्वालामाई गण दाङबाट खटिएको विपद् व्यवस्थापन तालिम प्राप्त सुरक्षा फौजले सकुशल उद्धार गरेको छ। राप्ती नदीको झोलुंगे पुलबाट डोरीको माध्यमले नदीमा बगाइ ल्याएको दाउरा निकाल्ने क्रममा डोरी चुँडिन गई सोही ठाउँ बस्ने १३ वर्षीय सुजन चौधरी पुलबाट खसेर घाइते समेत भएका थिए।



## सकुशल उद्धार



मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-५ दर्दरास्थित राप्तीखोलाको बीचमा फसेका ४ जनाको भाद्र १९ गते नं. ३ गढीमाई बाहिनी, नं. १४ गण मकवानपुर र सुरक्षा बेस कल्लेखोला मनहरीको संयुक्त फौजले सकुशल उद्धार गरेको छ। राप्तीखोलाको बीचमा रहेको टापुमा घाँस काट्न गएका उनीहरु अविरल वर्षाको कारण अचानक खोलामा बाढी आई बीच भागमा फसेका थिए।

## शव फेला



कास्की जिल्ला पोखरा महानगरपालिका-७ ड्यामसाइडस्थित फेवातालमा पौडी खेल्ने क्रममा बेपत्ता भएका १३ वर्षीय प्रस्ताव क्षेत्रीको शव नं. २४ कालिका गण कास्कीबाट गोताखोरसहित खटिएको टोलीले भाद्र ७ गते फेला पारेको छ। यसैगरी सोही जिल्लाको अन्नपूर्ण गाउँपालिका-९ सुधामेस्थित भुरुङ्गदीबाट हराएका दुई स्पेनिस नागरिकमध्ये एक जनाको शव सोही गणबाट खटिएको विपद् व्यवस्थापन तथा गोताखोरसहितको टोलीले भाद्र ११ गते फेला पारेको छ।

यसैगरी पोखरा महानगरपालिका-११ रानीपौवास्थित मेडी प्लस हस्पिटल पछाडि पार्किङ गर्ने क्रममा सेती नदीमा खसेको ग २ च ८१३८ नंम्बरको कार भाद्र १९ गते निकालिएको छ। अन्दाजी २० मिटर तल सेती नदीको खोँचमा खसेर रुखको हाँगामा अड्किएको अवस्थामा नं.२४ कालिका गण कास्कीको विपद् व्यवस्थापन तालिम प्राप्त टोलीले क्रेन तथा रोप रेस्क्यू विधिको प्रयोग गरी बाहिर निकालेको हो।

## अस्थायी तटबन्ध निर्माण



भाद्र ४ गते भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका-७ खरिपाटीस्थित खहरे खोलामा आएको बाढीले खोला नजिकै रहेको स्थानीय सीता राउतको ट्रस्टले बनाएको घरमा क्षति भएपछि नं. २२ गण गुहेश्वरीबाट खटिएको सुरक्षा फौजले बोरामा बालुवा भरी छेकबार गर्ने कार्य गरेको छ।

## शव फेला



सर्लाही जिल्ला ईश्वरपुर नगरपालिका-५ मा पौडी खेल्ने क्रममा डुवेका सोही नगरपालिका-४ बस्ने १७ वर्षीय निशान्त थापा मगरको शव नं २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीको गोताखोरसहितको टोली, सुरक्षा बेस सागरनाथ र नेपाल प्रहरीको संयुक्त टोलीले भाद्र ८ गते निकालेको छ। क्रसर उद्योगको गिट्टी बालुवाका लागि खनेको खाडलमा जमेको पानीमा पौडी खेल्ने क्रममा डुबेर थापा मगरको मृत्यु भएको थियो।



**ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका-७ स्थित ओलाङ्चुङ्गोला टिप्तला सडक खण्डमा भाद्र १७ गते पहिरो गई आवतजावतमा समस्या भएको हुँदा बीओपी ओलाङ्चुङ्गोलाबाट सुरक्षा फौज खटिई अवरुद्ध सडक पुनः सञ्चालनमा ल्याएको छ।**



**ओखलढुंगा जिल्लाको मोलुङ गाउँपालिका-२ स्थित पहिरे खोलामा अविरल वर्षाका कारण आएको बाढी पहिरोले गर्दा सोही ठाउँको रामपुर भित्री सडकखण्ड पूर्ण रुपमा अवरोध भएकोमा आश्रित गुल्म ओखलढुंगाबाट सुरक्षा फौज परिचालन भई अवरुद्ध सडक पुनः सुचारु गरेको छ।**

## स.प्र.बल, नेपाल इकाई परिचय

# यू.एन. शान्ति स्थापना तालिम शिक्षालय, नुवाकोट

नेपाल सरकार (उपप्रधान तथा मन्त्रिस्तर) को २०६८ साल मंसिर २२ गतेको निर्णयले सशस्त्र प्रहरी बलको मौजुदा जनशक्तिबाट व्यवस्थापन गरी स्थापित प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको थियो ।

शिक्षालय लोगो

सशस्त्र प्रहरी बल, नेपाल यू.एन. शान्ति स्थापना तालिम शिक्षालय नुवाकोट जिल्लाको ककनी गाउँपालिका-५ मा अवस्थित छ । तालिम शिक्षालयको आदर्श वाक्य ज्ञान, शान्ति, तटस्थता (KNOWLEDGE, PEACE, NEUTRALITY) रहेको छ। जसमा KNOWLEDGE ले बढीभन्दा बढी ज्ञान प्रदान गराउनु, PEACE ले युद्धग्रस्त क्षेत्रहरुमा शान्तिलाई आत्मसाथ गराइ शान्तितर्फ अग्रसर गराउनु र NEUTRALITY ले कुनै पनि पक्षमा नलागी आफ्नो कर्तव्य पालनातर्फ निष्पक्ष हुनु हो ।

तालिम शिक्षालय स्थापना हुनुअघि यस स्थानमा २०४२ साल पुस १४ गते नेपाल प्रहरीको दीपेन्द्र प्रहरी आवासीय विद्यालय स्थापना भएको थियो । तत्कालीन मन्त्रिपरिषद्को निर्णयले उक्त विद्यालयको नाममा रहेको जग्गा २०४७ साल असार १८ गते प्रहरी तालिम शिक्षालयको नाममा हस्तान्तरण भएकोमा सशस्त्र प्रहरी बलको गठन भएपश्चात् तत्कालीन मन्त्रिपरिषद्को निर्णयले २०५८ साल वैशाख १ गते सशस्त्र प्रहरी बल तालिम महाविद्यालय स्थापनार्थ नेपाल प्रहरीबाट सशस्त्र प्रहरी बललाई हस्तान्तरण भई विशेष प्रकृतिको तालिम तथा नवनियुक्त अधिकृतहरुको आधारभूत तालिमहरु सञ्चालन गर्न सुरु गरिएको थियो । तालिमको लागि आवश्यक पूर्वाधारको अभाव तथा सुरक्षा रणनीतिको दृष्टिकोणले उपयुक्त नभएकाले तत्कालीन मन्त्रिस्तरको २०६१ साल मंसिर २८ गतेको निर्णयले उक्त महाविद्यालय कास्की जिल्लाको तत्कालीन पोखरा उपमहानगरपालिका-१५ स्थित पशुविकास फर्म रहेको स्थानमा स्थानान्तरण भएको थियो । तत्पश्चात् सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेसको रुपमा कार्य सञ्चालन भएकोमा नेपाल सरकारको २०६४ साल असोज ३० गतेको निर्णयले राष्ट्रिय सशस्त्र प्रहरी बल




विगत दुई दशकदेखि संयुक्त राष्ट्रसंघको अनुरोधमा विश्वका विभिन्न द्वन्द्वग्रस्त राष्ट्रहरुमा शान्ति स्थापनार्थ सशस्त्र प्रहरी बलको जनशक्ति परिचालन भइरहेको सन्दर्भमा त्यसरी परिचालन हुने जनशक्तिले अन्तर्राष्ट्रियस्तरको दक्षता हाँसिल गरी संयुक्त राष्ट्रसंघको उद्देश्य प्राप्ति गर्नुका साथै पेशागत र व्यवसायिक क्षमता अभिवृद्धि होस् भन्ने उद्देश्यका साथ सशस्त्र प्रहरी बलमा संयुक्त राष्ट्रसंघीय शान्ति स्थापनासम्बन्धी विशिष्टीकृत शिक्षालयको आवश्यकता महसुस गरी नेपाल सरकार (उपप्रधान तथा मन्त्रिस्तर) ले २०६८ साल मंसिर २२ गते सशस्त्र प्रहरी बल, यु.एन.शन्ति स्थापना तालिम केन्द्र स्थापना गर्ने निर्णय गरेपश्चात् २०६८ पुस २ गते राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान काठमाडौं जिल्लाको चन्द्रागिरी नगरपालिका-११, मातातीर्थमा स्थानान्तरण भएको थियो । विभिन्न शान्ति स्थापना मिसनहरुमा परिचालन हुने जनशक्तिलाई आवश्यक सञ्चालनका अतिरिक्त अन्तर्राष्ट्रियस्तरका विदेशी प्रशिक्षकहरुको सहकार्यमा विभिन्न तालिमहरु सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय तालिम शिक्षालयहरुमा सञ्चालन हुने शान्ति स्थापनासम्बन्धी तालिमहरुमा सहभागी हुने र शान्ति स्थापनार्थ द्वन्द्वग्रस्त क्षेत्रमा खटिई जाने सशस्त्र प्रहरी बल, नेपालका राष्ट्रसेवकहरुका लागि आवश्यक पर्ने विभिन्न तालिमहरुको समयसापेक्ष पाठ्यक्रम विकास तथा परिमार्जनमा सहभागिता जनाउने कार्य गर्दै आइरहेको शिक्षालय सशस्त्र प्रहरी बल, नेपालको संगठन र व्यवस्थापन (Organization and Management) पश्चात् २०७५ साल साउन १३ गतेदेखि सशस्त्र प्रहरी बल, नेपाल यू.एन. शान्ति स्थापना तालिम शिक्षालय नामाकरण भएको हो । तालिम शिक्षालयले संयुक्त राष्ट्रसंघको अनुरोधमा विभिन्न शान्ति स्थापना मिशनहरुमा परिचालन हुने सशस्त्र प्रहरी कर्मचारीहरुलाई दक्ष एवं व्यवसायिक बनाइ उच्चस्तरको कार्य सम्पादन गर्न सक्ने जनशक्ति उत्पादन गर्ने मुख्य जिम्मेवारीका साथै सशस्त्र प्रहरी बल, नेपालमा सञ्चालन हुने अनिवार्य तथा सेवाकालीन तालिमहरुको अलावा काठमाडौं महानगरपालिकाको नवनियुक्त नगर प्रहरी जवानहरुको आधारभूत तालिम समेत सञ्चालन गर्दै आइरहेको छ ।

### हालसम्मका समादेशकहरु

| सि.नं. | दर्जा | नामथर | कार्यरत | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | सप्रबउ | सुरजकुमार श्रेष्ठ | २०६८/०८/२२ | २०६९/०५/१२ |
| | सप्रबउ | नरेन्द्रकुमार सिंह | २०६९/०५/१२ | २०७०/०२/२० |
| | सप्रबउ | सञ्जयविक्रम राणा | २०७०/०३/२९ | २०७०/०८/०९ |
| | सप्रबउ | बाबुराम पाण्डे | २०७०/१०/०२ | २०७१/०९/२३ |
| | सप्रबउ | चीरञ्जीवी अधिकारी | २०७१/१०/०४ | २०७२/०४/०५ |
| | सप्रबउ | राजु अर्याल | २०७२/०५/१० | २०७२/११/०५ |
| | सप्रबउ | नारायणदत्त पौडेल | २०७२/११/०५ | २०७३/११/२० |
| | सप्रबउ | कृष्णभक्त ब्रम्हचार्य | २०७३/११/२० | २०७५/०३/०१ |
| | सप्रबउ | गणेश ठाडामगर | २०७५/०४/०१ | २०७५/०३/०२ |
| | सप्रबउ | दुर्गाप्रसाद भट्टराई | २०७६/०४/०३ | २०७७/०३/०३ |
| | सप्रबउ | कुलबहादुर नेम्वाङ | २०७७/०४/०३ | २०७७/१०/०५ |
| | सप्रबउ | भेषबहादुर शाह | २०७७/१०/०५ | २०७८/०७/१० |
| | सप्रबउ | प्रदीपकुमार पाल | २०७८/०७/१५ | २०७८/१२/१५ |
| | सप्रबउ | दीपेन्द्र शाह | २०७९/०३/२३ | २०७९/११/२१ |
| | सप्रबउ | कृष्ण ढकाल | २०७९/११/२१ | २०८१/०२/०१ |
| | सप्रबउ | राजेन्द्र खड्का | २०८१/०२/०१ | हालसम्म |




**सप्रबउ राजेन्द्र खड्का**
**समादेशक**

साथै नेपाल सरकारबाट सशस्त्र प्रहरी बल, नेपाललाई प्राप्त विभिन्न कार्यादेशबमोजिम नेपालको कुनै भागमा भएको वा हुन सक्ने दंगा नियन्त्रण, विभिन्न प्राकृतिक प्रकोप तथा माहामारीमा पीडितको उद्धार, स्थानीयस्तरमा शान्ति सुरक्षा कायम राख्नुका साथै आवश्यकताबमोजिमका अन्य कार्यहरु गरी संगठनको उद्देश्य प्राप्तिमा शिक्षालयले महत्वपूर्ण योगदान दिँदै आइरहेको छ । २०६८ साल मंसिर २२ गतेदेखि हालसम्म यस शिक्षालयले ५ हजार ५ सय ७९ जना सशस्त्र प्रहरी कर्मचारीहरुलाई UN Pre-Deployment Training र ७ हजार २ सय ५६ जना सशस्त्र प्रहरी कर्मचारीहरुलाई विभिन्न आधारभूत तथा उन्नत तालिमहरु सञ्चालन गरी दीक्षित गराइसकेको छ । तालिम शिक्षालयको स्थापना मुख्यरुपले सशस्त्र प्रहरी बल, नेपालको जनशक्तिलाई UN FORMED POLICE UNIT को रुपमा विभिन्न द्वन्द्वग्रस्त क्षेत्रहरुमा UN Peacekeeping Operation हरुमा सहभागिता गराउनुअघि छनौट भएका सशस्त्र प्रहरी कर्मचारीहरुलाई Pre–Deployment Training गराइ शान्ति स्थापनार्थमा टेवा पुऱ्याउनु हो ।

## सीमा सुरक्षाको महत्व तथा सीमा अपराधसम्बन्धी जनचेतनामूलक कार्यक्रम



बीओपी जवाबैराठ कपिलवस्तुले भाद्र ८ गते विजयनगर गाउँपालिका-१ मध्यनगरा गाउँमा स्थानीय वासिन्दाहरुलाई सीमा सुरक्षाको महत्व तथा सीमा अपराधसम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ ।

## सचेतनामूलक कक्षा सञ्चालन



लमजुङ जिल्लाको बेसिशहर नगरपालिका-३ बाहुनबेसी स्थित यसोब्रम्हा माध्यमिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई आश्रित गुल्म लमजुङले भाद्र १२ गते सडक दुर्घटना र डेंङ्गु रोग सम्बन्धी सचेतनामुलक कक्षा सञ्चालन गरेको छ ।



**मोरङ जिल्ला पथरी शनिश्चरे नगरपालिका-८ स्थित श्री बुद्ध माध्यमिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरुलाई सडक दुर्घटना सम्बन्धी जनचेतनामूलक कक्षा संचालन गर्दै सुरक्षा बेस शनिश्चरे मोरङ ।**

पाक्षिक रेडियो तथा टेलिभिजन कार्यक्रम समर्पण राष्ट्का लागि हरेक महिनाको पहिलो र तेश्रो आइतबार रेडियो नेपालबाट १९:४० बजे, हरेक महिनाको पहिलो र तेश्रो बिहीबार १७:२५ बजे नेपाल टेलिभिजनका साथै Website: www.apf.gov.np मा सुन्न र हेर्न सकिनेछ । रेडियो कार्यक्रम संगठनको फेसबुक पेज Armed Police Force, Nepal मा समेत सुन्न सकिने छ ।

## हार्दिक श्रद्धाञ्जलि



जन्म २०३९।०४।११ — स्वर्गारोहण २०८१।०५।२४

**सशस्त्र प्रहरी बरिष्ठ हवल्दार स्व. हरिचन्द्र थारु**

नं. ३० बागेश्वरी गण बाँके दरबन्दी भई सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय एपीएफ ईन्टेलिजेन्स व्यूरोमा कार्यरत सशस्त्र प्रहरी बरिष्ठ हवल्दार हरिचन्द्र थारुको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**



जन्म २०४७।११।०९ — स्वर्गारोहण २०८१।०५।३१

**सशस्त्र प्रहरी सहायक हवल्दार स्व. विवेक चौधरी**

नं. २६ गण पश्चिम नवलपरासी दरबन्दीका सशस्त्र प्रहरी सहायक हवल्दार विवेक चौधरीको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**



जन्म २०५०।१२।०१ — स्वर्गारोहण २०८१।०५।२८

**सशस्त्र प्रहरी जवान स्व. राजेशकुमार यादव**

नं. ९ गण महोत्तरी दरबन्दी भई सशस्त्र प्रहरी जवान तालिम शिक्षालय नौवस्ता बाँकेमा बिल्लादार तालिममा तालिमरत सशस्त्र प्रहरी जवान राजेशकुमार यादवको असामयिक निधन भएकोले उहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी सशस्त्र प्रहरी बल, नेपालका सकल दर्जाको तर्फबाट हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं ।

**सशस्त्र प्रहरी बल, नेपाल**

## लेख/रचना

### 'जय नेपाल भन्न पाउँ'



सशस्त्र प्रहरी उपरीक्षक
**राजेश लामिछाने**

आफूलाई सशस्त्र प्रहरी भएकोमा गौरव गर्न पाउँ
अन्तिम अवस्थामा पनि जय नेपाल भन्न पाउँ ।

स्वास्थ्य शिविर संचालनमार्फत नागरिकहरुलाई स्वस्थ राख्न पाउँ
घाईते तथा बिरामी नागरिकहरुको उपचारमा सहयोगी हुन पाउँ ।

आपत विपद्मा परेका नागरिकहरुको सारथी बन्न पाउँ
विपदमा कुना काप्चामा जिवन र मृत्युसंग संघर्षरतहरुको उद्धारक बन्न पाउँ ।

अनाथ, असहाय बालबालिकाहरुको उज्जवल भविष्य निर्माणमा सहयोगी बन्न पाउँ
सचेतना कार्यक्रमहरुमार्फत बालबालिकाहरुलाई कु-बाटोमा जानबाट रोक्न पाउँ ।

रक्तदान, सरसफाई, नागरिक सहायता र सहयोगमा हर्षित हुन पाउँ
महिला, बालबालिका, बृद्धबृद्धा लगायतको हितमा सक्रिय हुन पाउँ ।

संयुक्त राष्ट्र संघमार्फत अन्तर्राष्ट्रियस्तरमा शान्ति स्थापनार्थ परिचालित हुन पाउँ
समस्त नागरिकहरुको आशा र अपेक्षालाई पुरा गर्दै जय नेपाल भन्न पाउँ ।

### माया गर्छौं देशलाई



सशस्त्र प्रहरी जवान
**संगिता भारती**

माया गर्छौं देशलाई, माया गर्छौं माटोलाई
माया गर्छौं हामी आफू हिंड्ने बाटोलाई ।
एपीएफ हौं माया गर्छौं देशको माटोलाई ॥

खुल्ला आकाश छानो बनाइ, धरतीलाई सिरानी,
कर्तव्यमा चुक्ने छैनौं परे पनि बिरामी ।
सिमानाको रक्षा गर्छौं अहोरात्र खटेर,
बाधा अड्चन जति आओस्, अघि बढ्छौं डटेर ।

माया गर्छौं देशलाई, माया गर्छौं माटोलाई
माया गर्छौं हामी आफू हिड्ने बाटोलाई ।
एपीएफ हौं माया गर्छौं देशको माटोलाई ॥

जनताको सुरक्षा नै, मुल मन्त्र भनेर
आँधीहुरीसँग लड्छौं, साहस हिम्मत गरेर ।
भेलबाढी आउँदा हाम्रै, पाइला अघि सार्छौं,
हत्या हिंसा आतंकलाई, अब निर्मुल पार्छौं ।

माया गर्छौं देशलाई, माया गर्छौं माटोलाई,
माया गर्छौं हामी आफू, हिड्ने बाटोलाई ।
एपीएफ हौं माया गर्छौं, देशको माटोलाई ॥

एपीएफ हौं अप्ठ्यारोमा पनि पाइला चाल्छौं ।
आपत् विपद् देशलाई संकट पर्दा दिन्छौं ज्यान,
सुरक्षार्थ तैनाथ छौं हाम्रो सिमानामा ।

माया गर्छौं देशलाई, माया गर्छौं माटोलाई,
माया गर्छौं हामी आफू, हिड्ने बाटोलाई ।
एपीएफ हौं माया गर्छौं, देशको माटोलाई ॥

### आवश्यक छ सशस्त्र प्रहरी



सशस्त्र प्रहरी हवल्दार
**रामशरण न्यौपाने**

देश र जनताको सेवा सुरक्षामा सधैं खटिरहने छ सशस्त्र प्रहरी ।
जस्तोसुकै परिस्थिति आएपनि लडिरहने छ सशस्त्र प्रहरी ॥
पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पुग्न सफल भएको छ सशस्त्र प्रहरी ।
जहाँ-जहाँ पुग्छ, सशस्त्र प्रहरी त्यहाँ हुन्छ शान्ति सुरक्षाको अनुभूति ॥
त्यसैले त हामीलाई आवश्यक छ, सशस्त्र प्रहरी

नेपाल सरकारबाट पाएको जिम्मेवारी पूरा गर्छ सशस्त्र प्रहरी ।
भोक, प्यास नभनी दिन रात सेवामा खटिरहेको छ सशस्त्र प्रहरी ॥
दैवि प्रकोप र विपत्तिमा परेकाहरुको उद्धारको लागि ।
आफ्नो ज्यानको कुनै पर्वाह नगरी, अरुको निम्ति लडिरहेको छ सशस्त्र प्रहरी ॥
त्यसैले त हामीलाई आवश्यक छ, सशस्त्र प्रहरी

हिमपात र प्रचण्ड गर्मीको कुनै पर्वाह नगरी, अहोरात्र खटिरहने छ सशस्त्र प्रहरी ।
बिपद् उद्धार र सीमा सुरक्षाको लागि, सदैव लडिरहने छ सशस्त्र प्रहरी ॥
बाढि, पहिरो र डुवानमा परेकाहरुको सुरक्षाका लागि, निरन्तर खटिरहने छ सशस्त्र प्रहरी ।
जनताको मन र भावनालाई बुझि, मृत्युको मुखसम्म पनि लडिरहने छ सशस्त्र प्रहरी ॥
त्यसैले त हामीलाई आवश्यक छ, सशस्त्र प्रहरी

चोरीपैठारी नियन्त्रणको लागि, गस्ती र पट्रोल गरिरहेको छ सशस्त्र प्रहरी ।
सीमा इलाकामा अवैध सामाग्री बरामद गरिरहेको छ सशस्त्र प्रहरी ॥
राजश्व संकलन कार्यमा सहयोग पुऱ्याउन अग्रपंक्तिमा छ सशस्त्र प्रहरी ।
महत्वपूर्ण सुरक्षा, औद्योगिक सुरक्षा र रेलवे सुरक्षामा समेत खटिरहेको छ सशस्त्र प्रहरी ॥
त्यसैले त हामीलाई आवश्यक छ, सशस्त्र प्रहरी

नेपाली जनताको आशा र भरोसा बनिरहेको छ सशस्त्र प्रहरी ।
कर्तव्यनिष्ठ भई चौबीसै घण्टा सेवामा खटिरहेको छ सशस्त्र प्रहरी ॥
देशलाइ संकट आइपरेको बेला अन्य सुरक्षा निकायसँग समन्वय गरी खटिएको छ सशस्त्र प्रहरी ।
यतिमात्र नभई अन्य देशमा समेत सुरक्षाको निम्ति खटिरहेको छ सशस्त्र प्रहरी ॥
त्यसैले त हामीलाई आवश्यक छ, सशस्त्र प्रहरी

सीमा सुरक्षा मात्र नभई विपद् उद्धारमा पनि अग्रपंक्तिमा छ सशस्त्र प्रहरी ।
विपद् आइपरेको बेला उच्च हिमाली हिउँदेखि पानीको गहिराइसम्म डुबेको छ सशस्त्र प्रहरी ॥
कतिको सकुशल उद्धार त कतिको मृत शव उद्धारमा सफल भएको छ सशस्त्र प्रहरी ।
यी सबैको त्याग र परिश्रमको कारण चौतर्फी माग भइरहेको छ सशस्त्र प्रहरी ॥
त्यसैले त हामीलाई आवश्यक छ, सशस्त्र प्रहरी

## समर्पण एपीएफ मासिकको लागि

लेख रचना, युनिटले गरेका कामकारवाही, पत्राउ, बरामद, उद्धार तथा अन्य सामाग्री पठाउन स.प्र. बल, नेपाल प्र.का. सूचना शाखा

**इमेल** : infosec.secretariat@gmail.com, **फोन** : ०१-५२४९००६

## रक्तदान



भाद्र २० गते नवलपरासी जिल्लाको कावासोती नगरपालिका-८ फलफूल चोकस्थित कर्मचारी मिलन केन्द्र पूर्वी नवलपरासीद्वारा निजामती सेवा दिवस तथा संविधान दिवसको अवसरमा आयोजित वृहत रक्तदान कार्यक्रममा रक्तदान गर्दै नं. ३१ गुल्म पूर्वी नवलपरासीको सुरक्षा फौज ।




जिल्ला नवलपरासी गैंडाकोट नगरपालिका-१२ स्थित हर्कपुरमा रक्तदान गर्दै नं. ३१ गुल्म नवलपरासीका सशस्त्र प्रहरी कर्मचारीहरु ।



भाद्र २२ गते जिल्ला प्रशासन कार्यालय, स्याङ्जाको प्राङ्गणमा २१औं निजामती सेवा दिवसको अवसरमा कर्मचारी मिलन केन्द्र, स्याङ्जाद्वारा आयोजित रक्तदान कार्यक्रममा नं. ३० गुल्म स्याङ्जाको फौज ।

## नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन



'सीमाबासीसँग सशस्त्र प्रहरी' कार्यक्रम अन्तर्गत सुनसरी जिल्लाको देवानगंज गाउँपालिका-३ स्थित देवानगंज गाउँपालिका र श्री कृष्ण मावि देवानगंजको प्राङ्गणमा नं. ४ गण सुनसरी र नोबेल मेडिकल कलेज टिचिङ हस्पीटल प्रा.लि. विराटनगरको संयुक्त आयोजनामा भाद्र २४ गते एक दिने स्वास्थ्य शिविर संचालन गरिएको छ । स्वास्थ्य शिविर मा ५ सयभन्दा बढि सर्वसाधारणहरुले स्वास्थ्य जाँच गराएका थिए ।



यसैगरी 'हरितालिका तीज २०८१' को अवसरमा पशुपतिनाथको मन्दिर परिसरमा दर्शनार्थीहरुको व्यवस्थापन, सुरक्षा तथा स्वास्थ्य शिविरको लागि स्वास्थ्यकर्मी तथा विपद् उद्धार लगायतको सुरक्षा फौजको परिचालन भएको थियो ।

■ **प्रकाशक: सशस्त्र प्रहरी बल, नेपाल** ■ **प्रकाशन समिति:** सप्रउ देवराज अर्याल (संयोजक), सदस्यहरु: प्रा.सप्रनाउ ई.सौरभ राज वन्त, सप्रनाउ शैलेन्द्र थापा, सप्रनि दिल कुमार श्रेष्ठ, सप्रनि दिपेन्द्र खरेल
**कम्प्यूटर लेआउट:** सप्रबह मनोज कुँवर, **कम्प्यूटर अपरेटर:** सप्रह रामशरण न्यौपाने, सप्रज हरि थापा, सप्रज सिताराम अधिकारी, **तस्वीर:** छापाखाना, फोटोग्राफी तथा श्रव्यदृष्य शाखा र मातहत इकाई